राजापुर नगरपालिकाको

# बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन गर्न सम्वन्धी व्यवस्था गर्न बनेको कार्यविधि,२०७६

स्वीकृत मितिः २०७६।०५।०८

प्रमाणित मिति : २०७६।०५।१२

राजापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

राजापुर नगरपालिका

## राजापुर नगरपालिकाको बालबालिकाको हक अधिकार संरक्षण र सम्बर्द्धन गर्न सम्बन्धी व्यवस्था गर्न बनेको कार्यबिधि, २०७६

**१) पृष्ठभूमिः** बालबालिकाको सुरक्षा, संरक्षण, विकास र सहभागिता अभिवृद्धि गर्दै बालअधिकारको सम्मान, पालना, संम्वधर्द्धन,परिपूर्ति एवं बालमैत्री स्थानीय तहको निर्माण गर्दै बालबालिकाको सर्वोत्तम हित कायम गर्न, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी, नेपालको संविधान, प्रचलित बालबालिका सम्बन्धी विद्यमान कानूनहरु तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिकल्पना गरेको विषयहरुलाई कार्यान्वयन गर्न वाञ्छनीय भएकोले,नेपालको संविधान को भाग १८ धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐनको परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी यो कार्यबिधि तयार गरिएको छ।

### .२) बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी राष्ट्रिय नीतिगत तथा कानूनी व्यवस्थाहरुः

नेपालको संविधान, २०७२ को धारा ३९ ले बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरी संवैधानिक व्यवस्थाको प्रत्याभूति गरेको छ । उक्त धारा ३९ को दफा १ मा प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ । (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वा·गीण व्यक्तित्व विकासको हक हुनेछ। (३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ। (४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइनेछैन । (५) कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइनेछैन। (६)कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन। (७)कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक,मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । (८)प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ। (९)असहाय, अनाथ, अपा·ता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकहुने छ भनि व्यवस्था गरेको छ।

बालबालिका सम्वन्धी ऐन,२०७५ मा नाम र पहिचानको अधिकार,उचित स्याहार, हेरचाह, पालनपोषणको अधिकार, पोषण एवं स्वास्थ्यको अधिकार, गोपनियता को अधिकार, प्रारम्भिक बालविकास, शिक्षाको अधिकार, भेदभावविरुद्धको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार, सूचना तथा सहभागिताको अधिकार, न्यायको अधिकार, बाबुआमासाग भेटघाट र सम्पर्क गर्ने अधिकार, अभिव्यक्ति स्वतन्त्रता, संस्था खोल्न र शान्तिपूर्वक भेला हुने अधिकार लागायत बाल संरक्षण,बैकल्पिक हेरचाह पुर्न स्थापना, बाल कल्याण सम्वन्धी संस्थागत व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ।

स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा १२ मा बाल उद्यान निर्माण गर्ने (क २) शिशु स्याहार तथा बालविकास केन्द्र निर्माण, (ग १) बाल मैत्री बडा बनाउने (ग २९)अभिलेख तयार गर्ने (ग ३०) बाल बिवाह, बाल श्रम, छाउपडी, कम्लरी, बेचबिखन,हिसा, छुवाछुत विरुद्ध कार्य गर्ने (ग ३२)

सडक बालबालिकाको उद्धार तथा पुर्नस्थापना (ग ३६) गर्ने कार्य जिम्मेवारी तोकिएको छ ।

बालबालिकासम्बन्धी राष्ट्रिय नीति, २०६९ मा बाल अधिकारविरुद्धमा हुने सबै प्रकारका शोषण, दूर्व्यवहार र भेदभावको अन्त्य गर्नु तथा विभेद, दूर्व्यवहार, हिंसा, बञ्चितीकरण, शोषण, अपहेलना लगायत बालबालिकालाई हानी पुर्‍याउने सबै अवस्थाबाट संरक्षण प्रदान हुने अवस्थाको सुनिश्चित गर्ने, बाल बचावट, बाल विकास, बाल अधिकार संरक्षण तथा बाल सहभागिताका सम्बन्धित विषयमा बाल-मैत्री वातावरणको प्रवर्द्धन गरी अधिकारमूलक सुविधा र सेवाहरुमा बालबालिकाको पहुँच बढाउने उद्द्श्य रहेको तथा सो उद्देश्य परिपुर्तिका लागि बालबालिकाहरुसंग सम्बन्धित सबै कानूनहरुलाई बाल अधिकार महासन्धि लगायत र अन्तर्राष्ट्रिय तथा सार्कस्तरीय घोषणाको मापदण्डअनुसार सुधार गरिनेछ र बाल अधिकार सुनिश्चित गर्न आवश्यकता अनुसार नयाँ कानूनको निर्माण गरिने समेत उल्लेख गरिएको छ ।

यसैगरी बाल श्रम बिरुद्धको गुरुयोजना मा दफा १० को ग मा “गुरुयोजना कार्यान्वयनमा स्थानीय तहको जिम्मेवारी र भूमिका गहन रहने,घर परिवार देखि उध्योग प्रतिष्ठानसम्म बाल श्रम भए नभएको अनुगमन गर्ने, बाल श्रम निवारणमका कार्यक्रम संञ्चालन गर्ने र स्थानीय स्तरमा चेतना अभिबृद्धि गर्ने जिम्मेवारी तथा ग्रामिण क्षेत्रबाट बालश्रमिक आपुर्ति हुने सम्भावना बढी भएकाले आपुर्ति नियन्त्रणको कार्य गाउापालिकाको हुने र बाल श्रम उपभोग गर्ने कार्य शहरमा हुने भएकाले बाल श्रम निषेध र निवारणको मुख्य जिम्मेवारी गाउापालिका र नगरपालिकाको हुने” भनी उल्लेख गरिएको छ ।

बालमैत्री शासन राष्ट्रिय रणनीतिमा “मुलुकका सम्पूर्ण बालबालिकालाई बाच्नपाउने अधिकार,संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समाबेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन पद्धतिलाई सुद्धढ, सक्षम र जवाफदेही तुल्याउने रणनीतिक सोच रहेको” उल्लेख गरिएको छ ।

**३. संक्षिप्त नाम र प्रारम्भः**(क) यस यस कार्यबिधिको नाम “ **बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको कार्यबिधि, २०७६**” रहेको छ ।

(ख) यो निर्देशिका कार्यपालिकाले स्वीकृत गरे पश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

४. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) “संविधान” भन्नाले नेपालको संविधान,२०७२ लाई सम्झनुपर्छ ।

(ख) ‘‘ऐन’’ भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(ग) ‘‘कार्यविधि’’ भन्नाले राजापुर नगरपालिकाद्वारा जारी गरिएको **बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी व्यवस्था गर्न बनेको निर्देशिका,२०७६** सम्झनु पर्छ ।

(घ) “ बालबालिका सम्वन्धी ऐन” भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५लाई सम्झनु पर्छ ।

(ड.) **“बालबालिका”** भन्नाले १८ वर्ष उमेर पूरा नगरेका सबै व्यक्तिहरुलाई सम्झनु पर्छ ।

(च) **“बालबालिका डेक्स”** भन्नाले राजापुर नगरपालिकाले नगरपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका सम्बन्धी काम गर्ने डेक्सलाई सम्झनु पर्छ ।

(छ) **“सर्म्पक व्यक्ति (Focal Person)”** भन्नाले राजापुर नगरपालिकाको कार्यालय र वडा कार्यालयमा स्थापना गरिएको बालबालिका डेक्समा रही काम गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्छ ।

(ज) **“बाल अधिकार समिति”** भन्नाले बालबालिकाको आधारभूत अधिकारहरुको संरक्षण तथा सम्बर्धन गर्नका लागि गठन गरिएका राजापुर नगरपालिकाले पालिकास्तरीय,र वडा स्तरमा दफा ७.क.२ बमोजिम गठन गरेका समितिहरुलाई सम्झनु पर्दछ ।

(झ,) **“बालमैत्री स्थानीय शासन समिति”** भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि (२०६८) तथा दफा ७.ग.१ बमोजिम गठन भएका समितिलाई सम्झनु पर्छ ।

(ञ) **“बाल क्लव”** भन्नाले विद्यालय तथा समुदायस्तरमा बालबालिकाहरुको सहभागितामा गठन भएका राजापुर नगरपालिकामा दर्ता भइ संञ्चालनमा रहेका बाल समूहहरुलाई सम्झनु पर्दछ ।

(ट) **“संरक्षक** भन्नाले अभिभावक बिहीन बालबालिकालाई अभिवावकत्व प्रदान गर्न बालकल्याण अधिकारीद्धारा नियुक्त गरीएको ब्यक्तिलाई सम्झनु पर्दछ ।

(ठ) **“बालक्लव सञ्जाल”** भन्नाले पालिका तथा वडास्तरमा गठन भएका बालक्लवहरुको सञ्जाललाई सम्झनु पर्दछ ।

(ड) **“गैरसरकारी संस्था”** भन्नाले प्रचलित कानून बमोजिम स्थापना भएका र स्थानीय तहसँग समन्वय गरी कार्यसञ्चालन गर्ने गैरनाफामूलक सामाजिक संस्था सम्झनुपर्छ ।

(ढ) **“स्थानीय तह”** भन्नाले गाउँपालिका, नगरपालिकालाई सम्झनु पर्दछ ।

(ण) **“बाल कोष”** भन्नाले बालअधिकारको संरक्षण र सम्बर्धन गर्नका लागि राजापुर न.पा र यसका वडा मा खडा गरिएको बालकल्याण कोषलाई सम्झनु पर्दछ ।

(त) **“प्रमाणपत्र”** भन्नाले राजापुर नगरपालिकामा दर्ता भएका बालक्लवहरुलाई दिइने सूचीकृत प्रमाणपत्र सम्झनु पर्छ ।

(थ) “**नगरपालिका”** भन्नाले राजापुर नगरपालिका सम्झनुपर्ने छ ।

(द) **“प्रमुख”** भन्नाल राजापुर न.पा को प्रमुख सम्झनु पर्छ ।

(ध) **“उपप्रमुख”** भन्नाले राजापुर न.पा को को उपप्रमुख सम्झनु पर्छ ।

(न) **“वडा**” भन्नाले राजापुर न.पा र यसका वडा को वडाहरुलाई सम्झनु पर्छ ।

(प) **“वडाध्यक्ष”** भन्नाले राजापुर .न.पा र यसकाका वडाअध्यलाई सम्झनु पर्छ ।

(फ) “**सभा”** भन्नाले राजापुर न.पा.को नगर सभालाई सम्झनु पर्छ ।

(ब) **“कार्यपालिका”** भन्नाले राजापुर न.पा को कार्यपालिकालाई सम्झनु पर्छ ।

(भ)**“बैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका”** भन्नाले अभिभावकत्व गुमाएका वा अभिवावकत्व पाउन नसकी संरक्षणको आवश्यकता भएका बालबालिका सम्झनु पर्दछ ।

(म)**“अनाथ बालबालिका”** भन्नाले प्रचलित कानून बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

(य) **“आवासीय बालगृह”** भन्नाले बैकल्पिक स्याहरका लागी प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएको बाल गृह सम्झनु पर्छ ।

(र) **“कसुरजन्य कार्य”** भन्नाले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर सम्झनु पर्दछ ।

(ल) **“परिवार”**भन्नाले बालबालिकाका बाबु, आमा, दाजु, भाइ वा अविवाहिता दिदी, बहिनी, हजुरबुबा, हजुरआमा सम्झनु पर्छ र सो शब्दले एकासगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(व) **“कार्यपालिका सदस्य”**भन्नाले राजापुर नगरपालिकाका कार्यपालिकाका सबै सदस्यलाई जनाउँछ ।

**५. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबै प्रकारका बालबालिकाको अधिकारको संरक्षण तथा संम्वर्धन गर्न ।

(ख) बालमैत्री स्थानीय शासन र विद्यालय शान्तिक्षेत्र अभियान प्रवर्द्धन गर्न ।

(ग) बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न ।

(घ) बालबालिकामाथि हुने हिंसा, दुर्व्यवहार, हानी र जोखिम न्यूनीकरण गर्न ।

(ङ) बालबालिकाको अभिलेख (घटना व्यवस्थापन, सूचना, तथ्यांक, जन्मदर्ता) व्यवस्थापन गर्ने ।

(च) बालअधिकार संरक्षण र सम्वर्द्धनका लागि सरकारी, गैरसरकारी र अन्य सरोकारवालाहरु सँग समन्वय, सहकार्य, साझेदारी र सेवा प्रदायकको सुचिकृत गर्न ।

(छ) बाल श्रमको न्यूनीकरण गर्ने ।

६) बालबालिकाको हक अधिकार संरक्षण सम्वन्धी व्यवस्थाहरु :

बालबालिकाको अधिकारलाई स्थापित गर्न तथा बाल संरक्षणका लागि बिद्यमान कानूनलाई कार्यान्वयन गर्न देहाय बमोजिमका कार्यक्रमहरु संञ्चालन गरिने छनः

- गर्भमानै बालबालिकाको लिंग पहिचान गर्ने, लिंगको आधारमा विभेद गर्ने र गर्भ पतन गर्ने प्रचलनलाई अन्त गर्नका लागि व्यापक प्रचारात्मक अभियान संचालन ।
- जन्म दर्ता सम्वन्धी सचेतना अभियान संचालन ( टोलविकास, महिला संञ्जाल, आमा समुह, स्वयम सेविका ,बालक्लव) तथा तथा ३५ दिनभित्र जन्मदर्ता गराउने अभिभावकलाई प्रशंसा तथा सम्मान ।
- जन्मदर्ता कम भएका क्षेत्रको पहिचान /तथ्याङक सङ्कलन अभियान
- बाल विवाह रोकथाम तथा न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम ( टोलविकास, लैङ्गि महिला संञ्जाल, आमा समूह, स्वयम् सेविका ,बालक्लव) का साथै उद्धार तथा संरक्षण, मनोसामाजिक परामर्श, पुर्नस्थापना तथा टेवामुलक आय आर्जन कार्यक्रम ।
- बाल विवाह विरुद्धमा प्रचार प्रसार (रेडियो, टिभि, पत्रपत्रिका) ।

- बैवाहिक कार्यक्रम हुने धार्मिक तथा सार्वजनिक स्थलहरुमा बाल विवाह निषेधित अभियान संचालन तथा रोकथामका लागि धामी, झाँक्री, पुरोहित, पण्डित, बडघर, गुरुवा,लामा, पादरी आदिलाई चेतनामूलक तालिम संचालन तथा घटनाको पहिचान तथा पैरवी अभियान संचालन ।
- निकृष्ट प्रकारको बाल श्रममा रहेका बालबालिकाको उद्धार र पुनस्थापना कार्यक्रम ( अस्थायी बालगृह संचालन मार्फत पारिवारिक पुर्नएकीकरण, बाल श्रममा रहेका बाल बालिकाको विवरण संकलन, अद्यावधिक तथा रोकथामका लागि प्रचार/प्रसार (कानुनी प्रावधान र सजाय) र बाल श्रममा रहेका बालबालिकाको क्षमता अभिवृद्धि/तालिम, बालश्रममुक्त टोल तथा वडा घोषणा ।
- राजापुर नगरपालिका भित्र व्यावसाय दर्ता गर्दा तथा निमार्ण सम्वन्धीका कार्य गर्दा बालश्रम प्रयोग नगर्ने प्रतिबद्धता तथा नविकरण गर्दा बाल श्रम नरहेको भनि सिफारिस प्राप्त भए मात्र नवीकरण गर्ने प्रचलन स्थापित गर्ने र राजापुर नगरपालिकाले कुनै पनि सम्झौता गर्दा बालश्रम प्रयोग गर्न नपाईने भनि अनिबार्य सर्त उल्लेख गर्नु पर्ने व्यवस्था अवलम्वन गर्ने ।
- बालबालिका विरुद्धहुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा सम्वन्धी सूचना व्यवस्थापन ।
- किशोरी जीवनोपयोगी सीप/तालिम/आयआर्जन कार्य संञ्चालन ।
- संरक्षण विहिन बालबालिका, अपाङ्गता भएका एवं विषेश संरक्षणको आवश्यक रहेका बालबालिकाको पहिचान, उद्धार, सामाजिकीकरण तथा पुर्नस्थापनाका लागि आवाधिक तथा आवश्यकता अनुसार दीर्घकालिन गृहको स्थापना, संचालन एवं पारिवारिक सहयोग कार्यक्रम ।
- हिंसा, शोषण, दुर्व्यवहार, बेचविखन न्यूनीकरणका लागि घर, परिवार विद्यालय तथा समुदायमा सचेतनमूलक अभियान संचालन ।
- समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापना, क्षमता विकास तथा परिचालन र बालसंरक्षण कार्ययोजना निर्माण र कार्यान्वयन ।
- शिशु स्याहार केन्द्रको स्थापना तथा संचालन ।
- बाल बालिकालाई लागू पदार्थ तथा कुलतबाट संरक्षण सम्बन्धी अभियान, दुर्व्यसनबाट पिडित बालबालिकाको उपचार परामर्श तथा पुर्नस्थापना कार्यक्रम ।
- घरपरिवार र समुदायबाट बालबालिकाविरुद्धहुने हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कमगर्ने सम्बन्धमा क्षमता अभिवृद्धि/तालिम ।
- हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार, सडक तथा श्रमिक बालबालिकाको उद्धारका लागि उद्धार समिति गठन, क्षमता विकास कार्यक्रम ।
- हिंसा, बेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्नेका लागि सचेतना कार्यक्रम- महिला संञ्जाल,सहकारी, टोल विकास समिति, बाल क्लब, आमा समूह,जनप्रतिनिधिहरुसंग समन्वय तथा सहकार्य ।
- कुनै पनि हिंसा, वेचविखन, शोषण, दुर्व्यवहारमा परेका तथा श्रम र सडकमा रहेका बालबालिकाको संरक्षणका लागि पुर्नस्थापना केन्द्र सञ्चालन ।

- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली गठन, क्षमता विकास, संचालन तथा व्यवस्थापन ।
- कानूनी विवादमा परेका बालबालिकाको उद्धार, कानुनी संरक्षण, परामर्श, पुर्नस्थापना तथा बालमैत्री न्यायिक संरचना सुदृढीकरण कार्यक्रम ।
- भयरहित शिक्षा तथा विद्यालय शान्ति क्षेत्र अभियान ।
- बाल हेल्पलाइन र बालबालिका खोजतलास केन्द्र संचालन सहयोग ।
- बाल यौन हिंसा शोषण तथा दूर्व्यवहारका साथै साइबर क्राइम तथा आधुनिक प्रविधिको दूरुपयोग सम्बन्धमा सचेतना अभियान, घटना व्यवस्थापन, वहस, पैरवी ।
- अपाङ्ग बालबालिकाहरुका लागि विशेष शिक्षा, तालिम, सामाग्री वितरण, छात्रवृति तथा संरक्षण कार्यक्रम । अपाङ्गता भएका बालबालिकाको संरक्षणका लागि विशेष पहल तथा अपाङ्ग मैत्री वातावरणको निमार्ण गरिने छ ।
- समुदायमा आधारित संयन्त्रहरु बालक्लब,टोल नगर तथा वडा बालअधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, नागरिक सचेतना केन्द्र, स्थानीय शासन तथा समुदाय विकास कार्यक्रम, आमा समूह, टोल विकास समिति आदिलाई क्षमता अभिवृद्धि तालिम, अभिमुखीकरण कार्यक्रमहरु ।
- बालसंरक्षणका लागि बालकोषको स्थापना
- विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।
- बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचीकृत गर्ने,सेवा मापन गर्ने तथा आवश्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।
- बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।
- सफारिस संयन्त्र विकास,बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।
- बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।
- वार्षिक रुपमा बालकालिकाको स्थितिपत्र प्रकाशन गर्ने
- घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।
- बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने
- बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्ने,
- बालक्लव तथा बाल संञ्जाल गठन, दर्ता तथा परिचालन
- बाल अधिकार हननका घटना अनुगमन तथा कार्वाहिका लागि सिफारिस
- अल्पकालिन आश्रय स्थल संञ्चालन, बालगृह अनुगमन नियमन तथा कार्वाही र सिफारिस
- बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने

- बैकल्पिक स्याहरको आवश्यकता भएका बालबालिकाको लागि स्थानीय संरक्षक पहिचान,संरक्षकत्व प्रदान, बैकल्पिक स्याहरका लागि सिफारिस,आपतकालिन उद्धार तथा संरक्षकत्व प्रदान,

**७) बाल कल्याण सम्वन्धी संस्थागत कार्य**

**क. १) स्थानीय बालअधिकार समिति गठनः**(१) बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धमा आवश्यक नीति निर्माण गरी नगरपालिकालाई सिफारिस गर्ने काम समेतको लागि एक बाल अधिकार समिति रहने छ ।

(२) अधिकार समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| नगरपालिकाको उप-प्रमुख : | संयोजक । |
| प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| नगर/कार्यपालिका सदस्यहरु मध्येबाट ३ जना(दलित, महिला लगायत) | सदस्य |
| नगरपालिकाका शिक्षा शाखा प्रमुख | सदस्य |
| नगरपालिकाका स्वास्थ शाखा प्रमुख | सदस्य |
| प्रहरी प्रमुख १ जना : | सदस्य |
| गै.स.स. महासंध प्रतिनिधि १ जना | सदस्य |
| पत्रकार महासंध प्रतिनिधि १ जना | सदस्य |
| बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्थाहरुमध्येबाट १ जनाः | सदस्य । |
| बालक्लव संजालबाट २ (१ बालक १ बालिका) जनाः | सदस्य । |
| बाल अधिकारको क्षेत्रमा कार्यरत बालबालिकाको क्षेत्रमा योगदान पुऱ्याएका व्यक्ति वा विशेषज्ञहरुमध्येबाट संयोजकले मनोनयन गरेको एक जना | - सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य सचिव । |

(३) बाल अधिकार समितिले आवश्यकता अनुसार अन्य व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको मनोनित सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ र निजहरूलाई पुनर्नियुक्तिको लागि ग्राह्य हुनेछन् ।

(५) समितिले आफ्नो कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार उपसमिति समेत गठन गरी कार्य गर्न सक्नेछ ।

(६) समितिलाई आवश्यक पर्ने कर्मचारी नगरपालिकाले उपलव्ध गराउनेछ ।

**क.२) समितिको बैठकः**(१) समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक र अन्य अवस्थामा आवश्यकता अनुसार बस्नेछ ।

(२) संयोजकको निर्देशनमा समितिको बैठक सदस्य सचिवले बोलाउनेछ ।

(३) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको एकाउन्न प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**क.३) बाल अधिकार समितिको काम कर्तव्य र अधिकारः**(१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुको सुचीकृत गर्ने, सेवा मापन गर्ने तथा आवस्यक समन्वय, सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालमैत्री योजना तर्जुमा गर्ने कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण, आवश्यक निर्देशन तथा कार्वाही र सो का लागि सम्वन्धित निकायमा सिफारिस गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त विभिन्न कार्यक्रम गर्ने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गरिदिने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोगको तथा दीगो विकासका लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

(झ) वार्षिक रुपमा बालकालिकाको तथ्यांक सङ्कलन गर्ने, अद्यावधिक गर्ने र स्थितिपत्र प्रकाशन गर्ने

ञ) घटना व्यवस्थापन प्रकियालाई अवलम्वन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

ट) बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमको तयारी गर्ने विश्लेषण गर्ने

(ठ) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी विशेष अभियान घोषणा गर्न सिफारिस गर्ने,

(ड) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने

(ढ) समितिको सेवा सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**ख.१) वडा बालअधिकार समितिको गठन, काम, कर्तव्य र अधिकार :**

१) वडामा देहाय वमोजिमको वडा बालअधिकार समिति गठन गरिनेछ ।

| | |
|---|---|
| (क) वडा अध्यक्ष | संयोजक |
| (ख) वडा समिति सदस्य १ महिला सहित २ जना | सदस्य |
| (ग) स्वास्थ चौकी प्रमुख | सदस्य |
| (घ) महिला स्वयम्सेविका वा आमा समूहहरु मध्येबाट १ जनाः | सदस्य |

(ङ.) सम्बधित वडामा बालअधिकारको क्षेत्रमा कार्यरत गैह्रसरकारी संस्था समुहहरु मध्येबाट १ जनाः — सदस्य

(च) सामुदायीक प्रहरी — सदस्य

(छ) वडा बालक्लव संजालबाट कम्तिमा १ बालिका सहित २ जनाः — सदस्य

(ज) आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका वर्गसमुदायको यथासम्भव प्रतिनिधित्व हुनेगरि नागरिक समाजबाट कम्तिमा १ महिला, १ अपाङ्गता भएको व्यक्ति बाट सहित ४ जनाः — सदस्य

(झ) वडा सचिव : — सदस्य सचिव

## ख.२) वडा बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार

(क) विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्ने ।

(ख) बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था,लगायतका निकायहरुसँग समन्वय सहकार्य गरी बाल अधिकारको संबर्द्धनात्मक र संरक्षणात्मक कार्यहरु गर्ने गराउने ।

(ग) बालमैत्री योजना तर्जुमा गर्ने, सो कार्यान्वयन गर्ने, तथा त्यसको अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संबर्द्धनका निमित्त विभिन्न कार्यक्रम गर्ने ।

(च) बाल अधिकार हननका सम्बन्धमा आएका उजुरीहरुलाई सम्बन्धित निकायमा सिफारिश गरी पठाउने एवं समन्वयकारी भूमिका प्रदान गर्ने ।

(छ) बालबालिकाको निमित्त आकस्मिक सहयोग तथा सो का लागि श्रोत ( आर्थिक, भौतिक तथा मानविय) व्यवस्था मिलाउने ।

ट) बालबालिका सम्बन्धी वडा नीति तथा कार्यक्रमको तयार गरी लागू गर्ने ।

(ड) बालबालिका सम्बन्धी समयानुकूल प्राथमिकता निर्धारण गरी वडा स्तरीय विशेष अभियान घोषणा गर्ने,

(ढ) बालबालिकाको हकअधिकारसँग सम्बन्धित तोकिएका अन्य कार्य गर्ने ।

(ण) समितिको सेवा सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ख.३) समितिको वैठकसम्बन्धी कार्यविधिः

(क) समितिको बैठक तीन महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(ख) समितिको वैठकमा बालबालिकाको क्षेत्रमा कार्यरत व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ । बहुमतको निर्णयलाई बैठकको निर्णय मानिनेछ ।

(ङ) वडा बालअधिकार समितिको पदावधि तीन वर्षको रहने छ ।

## ग.१) बालमैत्री शासन समिति, बालबालिका डेक्सको स्थापना र संचालन

बालमैत्री स्थानीय शासन समिति गठन, काम कर्तव्य र अधिकार बाल बचाउ, बालसंरक्षण, बालविकास र बाल सहभागिताको विषयमा स्थानीय तहको नीति, संरचना,पद्धति र कार्यप्रकियामा मुलप्रवाहीकरण गर्नका लागि बालमैत्री स्थानीय शासन रणनीति,२०६८ ले दिएको अधिकारका आधारमा एक बालमैत्री स्थानीय शासन समिति गठन हुनेछ । जसमा निम्नानुसारका सदस्यहरु रहनेछन ।

(१) प्रमुख, नगरपालिका -अध्यक्ष
(२) उप प्रमुख, नगरपालिका -उपाध्यक्ष
(३) प्रमुख प्रशासकिय अधिकृत -सदस्य
(४) नगर/कार्यपालिका सदस्यहरु मध्ये बाट एक महिला सहित ३ जना सदस्य
(५) स्वास्थ्य संस्थाका प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(६) शिक्षा शाखा प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(७) प्रहरी प्रमुख/प्रतिनिधि (१ जना) -सदस्य
(८) गैसस प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत ), पत्रकार महासंघ प्रतिनिधि र उद्योग बाणिज्य संघ प्रतिनिधि बाटगरी ३ जना -सदस्य
(९) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य
(१०) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट समितिले मनोनयन गरेको प्रतिनिधि (२ जना) -सदस्य
(११) नगरपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) -सदस्य
(१२) नगरपालिकाको बालअधिकार समितिको प्रतिनिधि (१ जना) – सदस्य
(१३) स्थानीय प्रशासन प्रतिनिधि -सदस्य
(१४) महिला सहकारी/ आमा समूह प्रतिनिधि -सदस्य
(१५) प्रमुख, महिला तथा बालबालिका शाखा सदस्य –सचिव

ग.२) .बालमैत्री स्थानीय शासन समितिको काम कर्तव्य र अधिकार :

- बालमैत्री घोषणाकालागि नीतिगत निर्णयहरु गर्ने ।
- बालमैत्री योजना तर्जुमा गर्ने ।
- बालमैत्री शासनका लागि अनुसूची २ मा उल्लेख भए अनुसारको सूचक पुरा गर्नका लागि नेतृत्व तथा सहजीकरण गर्ने ।
- बालमैत्री नगर निर्माणकालागि समन्वय तथा सहकार्य गर्ने ।
- बालमैत्री घोषणाका लागि गरिनेकार्यहरुको समग्र अनुगमन गर्ने ।

घ) बालमैत्री स्थानीय शासन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक वस्नेछ । बैठकको कार्यविधि समिति आफैले तय गरे अनुसार हुनेछ ।

८) . **बालबालिका डेक्सको स्थापना : (१)** प्रत्येक वडा कार्यालयमा र नगरपालिका कार्यालयमा बालबालिका डेक्स स्थापना गरिने छ । बालबालिका डेक्स संचालन गर्नको लागि कम्तिमा एक जना कर्मचारिलाई सम्पर्क व्यक्ति तोकिने छ ।
बालबालिका डेक्सको काम, कर्तव्य र संचालन देहाय बमोजिम हुने छः
(क) सबै प्रकारका बालबालिकाको तथ्यांक र सूचनाको अध्यावधिक गर्ने ।
"स्पष्टीकरण" सबै प्रकारका बालबालिका भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, मानसिक असन्तुलन भएका र यौनिक अल्पसंख्यक समेतलाई बुझाउँछ ।

(ख) बालक्लव तथा बालक्लव सञ्जालहरुको दर्ता गर्ने ।
(ग) बालबालिका, र सरोकारवालाहरुबीच सम्बन्ध र समन्वय विस्तार गर्ने ।
(घ) बाल अधिकार समिति, बालमैत्री स्थानीय शासन समिति, बाल संरक्षक, संरक्षक शिक्षक, प्रधान संरक्षक, बालक्लव, बालक्लव संजालहरुबीच समन्वय सहकार्य गर्ने ।
(ङ) बालअधिकारमा आधारित सहभागितामूलक विधिबाट बालबालिकासँग सम्बन्धित योजना तर्जुमा, कार्यान्वयन र क्रियाकलापहरुमा सहजीकरण गर्ने ।
(च) बालक्लव, बालक्लव संजाल गठन तथा बाल भेलाको सहजीकरण गर्ने ।
(छ) तोकेको बालबालिका सम्बन्धी अन्य कार्य गर्ने ।

**९) बालक्लव र बालक्लव सञ्जालको गठन, परिचालन र दर्ता**

बालबालिकाको संगठित हुने अधिकारको प्रत्याभूति दिलाउन विद्यालय समुदायमा तथा विशेष गरी ३ प्रकारका बालक्ल्व गठन र सो को संञ्जालहरु गठन गरी नगरपलिकाका सम्वन्धित वडा कार्यालयमा दर्ता गरीने छन् ।

("स्पष्टीकरण" बिशेष भन्नाले अपाङ्गता भएका, श्रमिक, सडक बालबालिका, अनाथ, असहाय, अशक्त, बालगृहमा रहेका र यौनिक अल्पसंख्यक आदी समेतलाई बुझाउँछ । **बालक्लव र बालक्लव सञ्जालको गठन, परिचालन र दर्ता प्रकृया कार्यबिधि छुट्टै तयार गरी** कार्यान्वयन गरिने छ ।)

**९.१ बालक्लव सञ्जालहरूको गठन**

बाल क्लबहरू बीच आपसी समन्वय, सहकार्य बढाउने तथा सवालहरूको सामूहिकीकरण गर्ने र एक आपसबाट सिकाईका अवसर सृजना गर्न बाल क्लब सञ्जालको गठन गर्न सकिनेछ । वडामा गठनभएका सबै बालक्लव समेटी प्रत्यक वडामा एक/एक वडास्तरीय बालक्लवसंञ्जाल गठन गरिने छन । सबै वडाको बालक्लव संञ्जालको प्रतिनिधित्व हुने गरी नगरपालिकामा एक नगर स्तरीय बालक्लव संञ्जाल गठन गरिने छ ।

**९.२ बालक्लव दर्ता**

रित पुर्बक गठन भएका बालक्लवहरु नगरपालिकाको वडा कार्यालयमा दर्ता गरिने छन । यसरी रितपूर्वक दर्ता हुन आएका बालक्लवहरुलाई अनुसुची १ अनुसारको दर्ता प्रमाणपत्र र बालक्लवको विधान वडाकार्यालय बाट प्रमाणित गराई बालक्लवहरुलाई उपलब्ध गराइने छ ।

**१०) बाल कोषः**

जोखिमपूर्ण श्रममा संलग्न रहेका, यौनशोषण, यौन दुर्ब्यवहार, बेचविखन वा ओसार पसारमा परेका, शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्ब्यवहारबाट पिडित, अपाङ्गतामा भएका, दुर्घटनामा परेका वा प्राकृतिक वा दैवी प्रकोपमा परेका, हिंसाबाट प्रभावित एवं पिडित भएका, हराएको वा वेवारिसे अवस्थामा फेला परेका, ऋणको कारणले बन्धकमा रहेका वा जबरजस्ती श्रममा लगाई पिडित भएका, बाबु/आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरको कारणले बेवारिसे भएका, बाबुआमा वा आफन्तजनको संरक्षणबाट बञ्चित भएका, सुस्त मनस्थिति भएका,अपहरण वा शरीर बन्धकमा परेका, सडक बालबालिका एच.आई.भि.संक्रमित तथा प्रभावित भएका बालबालिकालाई आकस्मिक सहयोग पुगाउन, तत्काल उद्धार, राहत र पुनर्स्थापना गर्ने कामका लागि नगर पालिका तथा

वडामा  बाल कोष स्थापना गरिने छ । बालकोष परिचालन सम्वन्धी छुट्टै कार्यबिधि तयार गरी सो को कार्यान्वयन गरिने छ ।

**११) बालकल्याण अधिकारीः** बालबालिका सम्वन्धी ऐन २०७५,को दफा ६१ मा भएको व्यवस्था अनुरुप नगरपालिकाले बालकल्याण अधिकारी नियुक्त गर्ने छ । बालकल्याण अधिकारी नियुक्त नगरे सम्मकालागि महिला तथा बालबालिका शाखा प्रमुखलाई सो को जिम्मेवारी तोक्न सक्ने छ ।

**११ क. बालकल्याण अधिकारीको कार्य जिम्मेवारी देहाय बमोजिम रहने छ ।**

- ✓ बालकहरुको हक हितको संरक्षण तथा बालकल्याणसम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न बाल अधिकार समितिलाई सहयोग गर्ने ।
- ✓ बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।
- ✓ बाल अधिकार समितिको स्वीकृत कार्यक्रमको आन्तरिक  मूल्यांकन गराउने र त्यसको प्रगति विवरणहरु समितिको बैठकमा पेश गर्ने ।
- ✓ बाल अधिकार समितिको कार्य सञ्चालनको निमित्त आवश्यक स्रोतको खोजी गर्ने र प्राप्त स्रोतहरुको परिचालन गर्ने ।
- ✓ बाल अधिकार समितिको वित्तिय कारोवारको लेखा  ठीकसंग राख्न लगाउने ।
- ✓ बाल अधिकार समितिकाको निर्णय बमोजिम संरक्षण बिहिन बालबालिकालालाई संरक्षकत्व प्रदान गर्ने, बालगृहका लागि सिफारिस गर्ने,
- ✓ आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा पुर्नस्थापनाका कार्य गर्ने ।
- ✓ बालबालिकाको सर्वोत्तम हित निर्धारण गर्ने ।
- ✓ घटना व्यवस्थापन प्रक्रियालाई अवलम्वन गर्ने गराउने ।
- ✓ बालबालिकाका क्षेत्रमा नगरपालिकामा कार्यरत संस्थाहरु को सूचीकृत गर्ने ।
- ✓ बालअधिकार समितिले तोकेको अन्य कार्य गर्ने ।

**१२) अनुगमन तथा निरीक्षणः** बाल अधिकार समितिले बालअधिकारको प्रचलन गराउन तथा बाल संरक्षणका लागि आप्नो कार्यक्षेत्रभित्र अनुगनम गर्न समिति आफै वा अनुगमनका लागि टोली खटाई कम्तिमा पनि प्रतेक ३ महिनामा एक पटक  अनिवार्य हुने गरी अनुगन कार्य गर्ने छ । अनुगमन पश्चात प्राप्त तथ्य सहितको प्रतिबेदन बाल अधिकार समितिमा पेश गरी आवश्यक कार्वाहिका लागि सरोकारवाल निकाय समक्ष सिफारिस गरिने छ ।

**१३) बालबालिकाको उद्धार तथा पुर्नस्थापना सम्वन्धी कार्य**

**क)** कुनै पनि बालबालिकाका जोखिमपूर्ण अवस्थामा रहेको भेटिएमा वा सूचना प्राप्त भएमा उक्त बालबालिकाको सर्वोत्तम हितलाई ख्यालमा राखी प्रहरी प्रशासनको सहयोगमा उद्धार तथा पुनर्स्थापनाको कार्य गरिने छ । साथै घटना व्यवस्थापन प्रकृयालाई अवलम्वन गर्दै बालबालिकाको पुर्नस्थापना कार्य बालअधिकार समतिले गर्ने छ ।

**ख**) बालकल्याण अधिकारी वा प्रहरी कर्मचारी आफैंले कुनै बेवारिसे बालक फेला पारेमा वा अन्य कुनै व्यक्तिले बुझाउन ल्याएमा त्यस्तो बालकको सम्बन्धमा यथासम्भव तीन पुस्ते नाम, थर, ठेगाना, फोटो तथा शरीरमा रहेको कुनै विशेष चिन्हसहितको विवरण र औंठाको छापसमेत आफ्नो कार्यालयमा राखी त्यस्तो बालकलाई संरक्षणका लागि नजिकको बालगृहमा जिम्मा लगाउने छ ।

**ग**) बेवारिसे बालकको बाबु, आमा, नातेदार वा संरक्षकको पत्ता लगाउने प्रयोजनको निमित्त बालकल्याण अधिकारी, प्रहरी कार्यालय वा सम्बन्धित बालगृह प्रमुखले त्यस्तो बालकको हुलिया तथा फोटोसहितको सूचना कुनै पत्रपत्रिकामा प्रकाशित गराउन वा सञ्चारको अन्य माध्यमबाट प्रशारण गराउन सक्नेछन् । तर यसरी सूचना प्रकाशन गर्दा गोपनियताको हकलाई विशेष ख्याल राख्न पर्ने छ ।

**१४) बजेट विनियोज सम्वन्धी ब्यवस्था** राजापुर नगरपालिका र यसका सबै वडाहरुमा प्रतेक आ.व.मा पालिका तथा वडाको विकास बजेटबाट अनिवार्य रुपमा बालबालिकाका लागी बजेट विनियोजन गरिने छ ।

**१५) वैकल्पिक हेरचाह सम्वन्धी ब्यवस्था** वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सरंक्षण गर्ने सवालमा वैकल्पिक हेरचाह आवस्यक रहेका बालबालिकाको लागि स्थानिय संरक्षक खोजी वा आवसीय बालगृहमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानदिई संरक्षकत्व प्रदान गरिने छ ।

**१६) आवसीय बालगृहको ( बाल अधिकार संरक्षण केन्द्र) स्थापना तथा संचालनः**(१) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सरंक्षण गर्ने प्रयोजनको लागि नगरपालिकाले नियमानुसार स्थानिय स्तरको अल्पकालिन तथा दीर्धकालिन आवासीय बाल गृह ( बाल अधिकार संरक्षण केन्द्र) को स्थापना गरी संञ्चालन गर्ने छ ।

**१७) अनुगमन तथा निरीक्षण : (१)** बाल अधिकार समितिले नगरपालिका भित्र भएका सबै बाल अधिकार हननका घटना, वडा बाल अधिकार समिति, बाल कल्याण गृह, बाल गृह, बाल सुधार गृह, अनाथालय,वा केन्द्रहरु र बालबालिकाका लागि सञ्चालनमा रहेका आवधिक गृह तथा अन्य गृह समेत जहिले सुकै निरीक्षण गरी निर्देशन दिने, नियमन गराउने र आवश्यक कार्वाहिकालागि सिफारिस  समेत गर्ने छ ।

१८) **समाज  सेवी तथा बाल मनोविज्ञ, समाज  सेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको नियुक्ति** बालबालिकाको हक अधिकार स्थापनाका लागि कार्यरत सामाज सेवी तथा बाल मनोविज्ञ, सामाज सेवी र बाल मनोविज्ञ वा बाल विशेषज्ञको रूपमा काम गर्न चाहने व्यक्तिहरुलाई सुचीकृत गरी आफूले काम सेवा लिईने छ ।

**१९) सजायः** कुनै संस्था, व्यक्ति वा निकायले बाल अधिकार उल्लङ्घन गरेमा, संरक्षक वा परिवारका कुनै सदस्यले आफ्नो दायित्व पूरा नगरेमा संघीय कानूनमा व्यवस्था भए अनुसार सजाय हुनेछ ।

२०) **प्रोत्साहन पुरस्कारको व्यवस्था :** बालसंरक्षण तथा सम्वर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति बालक्लव, सञ्जाल तथा संघसंस्थालाई पालिकाले उचित प्रोत्साहन पुरस्कार प्रदान गर्न सक्नेछ ।

२१) **कार्यविधिको व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकार :** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै दुविधा हुन गएमा सोको व्याख्या वा वाधा अड्काउ फुकाउने अधिकार राजापुर नगरपालिकाको कार्यपालिकालाई हुनेछ ।

२२) **बचाउः** बालबालिकाको हक अधिकार स्थापित गर्ने सम्बन्धमा यो कार्यबिधि लागू हुनुभन्दा पहिले भए गरिएका सबै कार्यहरू यसै कार्यबिधि वमोजिम भए गरेका मानिनेछन् ।

२३) **यसै बमोजिम हुनेः** यस कार्यबिधिमा लेखिएजति कुरामा यसै कार्यबिधि बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची-१

लोगो

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर, बर्दिया
प्रदेश नं. ५, नेपाल

दर्ता नं. /वडा नं मिति

लोगो

राजापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजापुर,बर्दिया प्रदेश नं. ५ नेपाल

दर्ता नं./ वडा नं मिति

श्री...................................... बालक्लव सञ्जाल
..................................................

बर्दिया जिल्ला राजापुर नगरपालिका ...................वडा नं...........को ....................................वडा/पालिकामा गठन भएको ....................................बालक्लव संञ्जाललाई यस राजापुर नगरपालिकामा दर्ता गरी बाबालिकाको हक अधिकार संरक्षण सम्वन्धी कार्यविधि, २०७५ को दफा १०.१ ले व्यवस्था गरेअनुसार दर्ता गरी यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

बालअधिकार संरक्षण र सम्बर्द्धन कार्यमा नेपालको संविधान, बालअधिकार सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९८९ तथा सबै बालबालिका सम्वन्धी कानूनहरुको अधिनमा रही यस पालिकाको बालमैत्री अभियानमा यहाँहरुको सकृय सहभागिताको अपेक्षा गर्दछौ ।

बालकल्याण अधिकारी

बाल अधिकार समिति संयोजक

- ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने,
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि., डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने,
- ६ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाएको हुनुपर्ने
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने,
- गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ४ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने,
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने,
- एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुले ARV Prophylaxis पाएका हुनेछन् ।
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने ।
- सबै घरधुरीमा स्वच्छ खानेपानीको सुविधा हुनु पर्ने ।
- सावुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडि र बालबालिकाको दिसा धोए पछि) ।
- सबै बालबालिकाले आयोडिन युक्त नुन प्रयोग गरेका हुने छन ।

**बाल संरक्षण**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने,
- बाल विवाहको संख्यामा कमी आएको हुनेछ,
- निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,
- घरपरिवार र समुदायवाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्न पहल भएको हुनुपर्ने,
- बाल संरक्षण सम्वन्धी समुदायमा आधारित बाल संरक्षण प्रणाली सक्रिय भएको हुनुपर्ने ।

**बालविकास**

- ३ देखि ४ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,
- ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेको हुनुपर्ने ।
- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनुपर्ने,
- विद्यालय जान नपाएका बालबालीकाहरुले अनौपचारिक शिक्षा प्राप्त गरेको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनेछ,
- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलापसम्बन्धी कार्यक्रम संचालन भएको हुनेछ,

**बालसहभागिता**

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने, ।
- स्थानीय तहले संचालन गर्ने बाल सरोकारका योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,
- विद्यालय व्यवस्थापन समितिमा संस्थागत तवरबाट बालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ ।
- स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनेछ ।
- नगरपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ ।
- नगर तथा वडा तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।

**संस्थागत सूचकहरु**

- पालिकाको नगर सभा बैठक नियमित रुपमा संचालन भएको हुनेछ
- स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् ।

- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।
- स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्
- स्थानीय स्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्,
- स्थानीय स्तरमा बालक्लवहरुको सक्रियता रहनेछ ।
- स्थानीय स्तरमा निगरानि समूह र टोल विकास संस्थाहरु बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् ।
- स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ ।
- बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयनभएको हुनेछ ।
- नगरत था वडा योजनामा बालबालिकाका योजना बालमैत्री तरवबाट तर्जुमा र कार्यान्वयन भएको हुनेछ ।
- बालबालिकासम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।
- बाल कोषको स्थापना भएको हुनेछ ।